नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**

फ्याक्स ५५२९१०६
फोन ५५२९०७५
बबरमहल, काठमाडौं,
नेपाल
(हालः चाकुपाट,
ललितपुर)
ई-मेल : dgdor@dor.gov.np

पत्र संख्या : ५.१.२०/०७४/७५
चलानी नम्बर : ४२०

अत्यन्त जरुरी

मिति : २०७४/११/११

**विषय : प्रदेश र स्थानीय तहमा खटिएका कर्मचारीहरुलाई तत्काल रमाना दिइ पठाउने सम्बन्धमा ।**

श्री सडक विभाग, पुल महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, योजना तथा डिजाइन महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, वैदेशिक समन्वय महाशाखा, ललितपुर ।
श्री सडक विभाग, यान्त्रिक महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, सम्भार महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, आयोजना निर्देशनालय (ए.डी.बी.), विशालनगर ।
श्री सडक विभाग, सडक सुधार तथा विकास आयोजना, काठमाडौं ।
श्री सडक विभाग, उत्तर दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय, चाकुपाट ।
श्री सडक विभाग, हुलाकी राजमार्ग आयोजना, आलोकनगर ।
श्री क्षेत्रीय सडक निर्देशनालय, दमक/बबरमहल/पोखरा/सुर्खेत/दिपायल ।
श्री केन्द्रीय सडक प्रयोगशाला, पाटनढोका ।

प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभा सचिवालयमा, मुख्यमन्त्री तथा मन्त्रिषरिषद्को कमार्यालय लगायत प्रदेशमा रहने अन्य मन्त्रालयहरुमा कामकाज गर्न खटाइएका यस मन्त्रालय र अन्तर्गत निकायहरुमा कार्यरत कर्मचारीहरुमध्ये रमाना दिई पठाउन बाँकी कर्मचारीहरुलाई पत्र प्राप्त भएको मितिले २४ घण्टाभित्र अनिवार्यरुपमा रमाना दिई पठाउनुहुन भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ५३-२०७४।७५-४०६५, मिति २०७४।११।०९ को पत्रबाट लेखी आएको छ। सो सम्बन्धमा **प्रदेश तथा स्थानीय तहमा खटिएका तहाँ विभाग र अन्तर्गत कार्यरत कर्मचारीहरु मध्ये रमाना दिई पठाउन बाँकी भए पत्र प्राप्त भएको मितिले २४ घण्टाभित्र अनिवार्य रुपमा रमाना दिई हाजिर हुन पठाइ** सो को जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामान्य प्रशासन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय एवं यस विभागलाई समेत दिनुहुन अनुरोध छ।

**साथै प्रदेश तथा स्थानीय तहमा खटिएका कर्मचारीहरु रमाना नभएको अवस्थामा वा जुनसुकै कारणले विलम्व भएमा स्वयं विभागीय प्रमुख जिम्मेवार हुने** व्यहोरा समेत निर्णयानुसार अनुरोध छ भनी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प.सं. ४.१.१५।०७४/७५ च.नं ७२६ मिति २०७४/११/१० को पत्रबाट लेखी आएको हुँदा त्यहाँ र त्यहाँ अन्तर्गत कार्यालय/आयोजना/योजनामा समेत जानकारी एवं आवश्यक कार्यान्वयनको लागि अनुरोध छ।

०७४/११/११
(गोपाल प्रसाद सिग्देल)
महानिर्देशक

बोधार्थ

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार ।
श्री सामान्य प्रशासन मन्त्रालय सिंहदरवार ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरवार ।